## अनुसूचि-१

# नेपाल भौतिक विज्ञान समाजको विधान (२०७४)

### प्रस्तावना

राष्ट्रको समृद्धि र विकासमा विज्ञानको भूमिका रहने र विज्ञान तथा प्रविधिको विकासमा भौतिक विज्ञानको महत्वपूर्ण भूमिका रहने भएकाले नेपाली भौतिकशास्त्रीहरुले वि. सं. २०३९ देखिनै सङ्गठित रुपमा भौतिक विज्ञानसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठि तथा अध्ययन, अनुसन्धान आदि गर्दै आएकामा यी गतिविधिहरु लाई विधिवत रुपमा बढावा दिँदै प्रकृतिका आधारभूत नियमहरु सृजना गर्ने र भौतिक विज्ञानको प्रयोजनबाट नेपाली समाजको सर्वोपरी विकास गर्ने अभिप्रायले एक पेशागत वैज्ञानिक समाजको रुपमा नेपाल भौतिक विज्ञान समाजको संस्था दर्ता ऐन २०३४को अधिनमा रही यो विधान तर्जुमा गरिएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस संस्थाको नाम नेपालीमा “नेपाल भौतिक विज्ञान समाज” रहनेछ भने अङ्ग्रेजीमा 'Nepal Physical Society' रहनेछ । छोटकरीमा नेपालीमा **ने.भौ.वि.स.** र अङ्ग्रेजीमा **NPS** रहनेछ ।

(ख) यो विधान संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

### परिच्छेद - २

### परिभाषा

**२. परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस विधानमा :

(क) “विधान” भन्नाले “नेपाल भौतिक विज्ञान समाज” को विधानलाई संझनु पर्दछ ।

(ख) “समाज” भन्नाले “नेपाल भौतिक विज्ञान समाज” लाई जनाउँदछ ।

(ग) “कार्यसमिति” भन्नाले यस विधानको दफा १५ बमोजिम गठित केन्द्रीय कार्यसमितिलाई जनाउँदछ ।

(घ) “सभा” भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

(ङ) “शाखा (Chapter)” भन्नाले यस समाजको शाखालाई जनाउँछ ।

(च) “पदाधिकारी” भन्नाले यस संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

(छ) “नियम, विनियम” भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउँछ ।

## परिच्छेद - ३

## उद्देश्य र कार्यक्रम

**३. समाजको उद्धेश्य :-**

समाजका मूलभूत उद्धेश्यहरु देहायबमोजिम रहनेछन् :

(क) भौतिक विज्ञानसम्बन्धी अनुसन्धानका आधारशिलाहरु तयार गर्न सक्ने खालका प्राज्ञिक कृयाकलापहरुको द्रुततर विकास गराउनु ।

(ख) भौतिक विज्ञानका धारणाहरुलाई व्यावहारिक रुप दिन सघाउ पुऱ्याउनु ।

(ग) भौतिक विज्ञानको शिक्षण स्तरमा बढावा पुऱ्याउनु ।

(घ) भौतिक विज्ञानको बोध र प्रयोजनलाई सर्वव्यापी पार्नु ।

(ङ) भौतिक विज्ञानका क्षेत्रमा आफ्नो व्यक्तित्व विकासका सम्भावनाहरुलाई बढावा दिनु ।

**४. समाजको उद्देश्य प्राप्त गर्न गरिने कार्यक्रमहरु :**

(क) सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गर्ने र व्यावसायिक तथा समसामयिक छलफलका लागि सभा, सम्मेलन भेला र गोष्ठीहरुको संचालन गर्ने ।

(ख) भौतिक विज्ञानको बोध र धारणाको स्तर वृद्धि गर्नका लागि वृहत स्तरमा प्राज्ञिक गोष्ठी, प्रदर्शनी र व्याख्यान कार्यक्रमको आयोजना गर्ने ।

(ग) भौतिक विज्ञानअन्तर्गत शिक्षण सिकाई र अनुसन्धानमा टेवा पुऱ्याउने खालको पाठ्यक्रम तयार पार्न सघाउ पुऱ्याउने ।

(घ) भौतिकशास्त्रीहरुको ज्ञान र रुचिलाई वढावा दिंदै बहुआयामिक विषयहरुको सिकाई र नवीन प्रविधीहरुको प्रयोगद्वारा सक्दो सहभागिता वढाउने ।

(ङ) समाजका उद्देश्यसँग सहमत हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थासंग विचारको आदान प्रदान तथा पारस्परिक सहयोगको अभिबृद्धिमा प्रयत्नशील रहने ।

(च) भौतिक विज्ञान सम्बन्धी अविष्कार र उपलब्धि तथा यस विषयको शिक्षण क्षेत्रमा उल्लेखनीय कार्यगर्नेहरुलाई पुरस्कार र सम्मान प्रदान गर्ने ।

(छ) राष्ट्रिय समृद्धि र विकासकालागि संचालन गरिने कार्यक्रमहरुमा भौतिकशास्त्रीहरुको सहभागिता बढाउने ।

(ज) चल अचल सम्पत्ति आर्जन गर्ने, आवश्यकताअनुसार सहयोगी कर्मचारीहरु नियुक्त गर्ने, सङ्गठित संस्थाले गर्न सक्ने कार्य गर्ने, प्रकाशन गर्ने र श्रोत परिचालन गर्ने ।

(झ) समाजलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, दराज, टेबुल, कुर्सी, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

## परिच्छेद - ४

## स्थापना र गठन विधि

**५. संस्थापना :**

(क) "नेपाल भौतिक विज्ञान समाज" नामबाट स्थापित यस समाजलाई प्रचलित कानुनको रीत पुऱ्याई सम्बन्धित कार्यालयमा दर्ता गरीनेछ ।

(ख) यो समाज अविच्छिन्न उत्तराधिकारवाला, एक गैर-राजनीतिक, गैर-नाफामुलक, स्वतन्त्र र संगठित सामाजिक संस्था हुनेछ ।

(ग) यस समाजउपर व्यक्तिसरह नालिस उजुर लाग्न सक्नेछ र यस समाजले पनि आफ्नो नामबाट नालिश उजूर गर्न सक्नेछ ।

**६. कार्यालय र छापः**

(क) यस समाजको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ । कानूनी प्रक्रिया पूरा गरी आवश्यकता अनुसार यस समाजका शाखाहरु अन्य स्थानहरुमा पनि रहन सक्नेछन् ।

(ख) समाजको कार्य संचालनकालागि आफ्नो एउटा छुट्टै छाप अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ ।

## परिच्छेद - ५

## सदस्यता

**७. १. सदस्यता प्राप्ति :**

(क) भौतिक शास्त्रमा स्नातकोत्तर गरेको वा

भौतिक शास्त्रमा स्नातक उपाधि हासिल गरी भौतिक शास्त्र विषयको शिक्षणमा सम्मिलित भएको वा

भौतिक शास्त्रसंग सम्वन्धित अनुसन्धान कार्यमा लागीपरेको कम्तीमा पाँच वर्ष पुगेको वा

विज्ञान तथा प्रविधि क्षेत्रबाट स्नातक उपाधि हासिल गरी भौतिकशास्त्रसँग सम्बन्धीत धारणा र विधिहरुलाई अन्तरविषयी खोज तथा अनुसन्धान कार्यमा सक्रिय रुपमा लागीपरेको वा

भौतिकशास्त्रको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका भौतिकशास्त्रीहरुले यस समाजको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(ख) केन्द्रीय कार्यसमितिको निर्णयद्वारा वा शाखाको सिफारिसमा केन्द्रीय कार्यसमितिको अनुमोदनबाट यस समाजको सदस्यता प्रदान गरिनेछ ।

**२. यस समाजका देहाय बमोजिमका सदस्यहरु रहनेछन् :**

(क) **साधारण सदस्य :** ७ (क) बमोजिमका भौतिक शास्त्रीले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा समाजको साधारण सदस्यता प्रदान गरिने छ ।

(ख) **आजीवन सदस्य :** समाजको विकासकोलागि विशेष योगदान पुऱ्याउने भौतिकशास्त्रीहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ ।

(ग) **मानार्थ सदस्य :** भौतिक विज्ञानकोक्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रतिष्ठित वैज्ञानिकलाई समाजको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ, तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**३. सह-सदस्यः** भौतिक शास्त्र विषयमा स्नातकको उपाधि हासिल गरेको केन्द्रीय कार्यसमितिले सह-सदस्यता प्रदान गर्ने सक्ने छ । सह-सदस्यलाई मताधिकार हुने छैन ।

**८. सदस्यता शुल्क र विधिः**

(क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले साधारण सभाले निर्धारण गरे अनुसार प्रवेश शुल्क र बार्षिक शुल्क बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गरेमा निजलाई कार्यसमितिले साधारण सदस्यता प्रदान गर्न सक्ने छ । त्यस्ता साधारण सदस्यले साधारण सभाले निर्धारण गरेअनुसार नवीकरण शुल्क बुझाउनु पर्नेछ ।

प्रत्येक वर्ष असार मसान्तभित्र वार्षिक शुल्क तिरी आगामी वर्षका लागि साधारण सदस्यता नवीकरण गर्नु पर्दछ ।

(ख) समाजमा साधारण सभाले निर्धारण गरेको शुल्क बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) केन्द्रमा सदस्यता प्राप्त गरेका सदस्य स्वतः संबन्धित शाखाका सदस्य हुनेछन् ।

**९. सदस्यताको समाप्ति :**

देहायको अवस्थामा सदस्यताको समाप्ति हुनेछ ।

(क) सदस्यले आफ्नो पदवाट दिएको राजीनामा स्वीकृत भएमा ।

(ख) सदस्यता नवीकरण नगराएमा ।

(ग) समाजको उद्देश्य र हित विपरित आचरण गरेको प्रमाणित भई कार्यसमितिले सदस्यता निरस्त गरेमा ।

तर कार्यसमितिले उक्त सदस्यलाई सफाईको मौकाबाट बञ्चित गर्ने छैन ।

## परिच्छेद -६

## साधारण सभा, कार्यसमिति तथा वैठक सम्बन्धी व्यवस्था

**१०. साधारण सभा :**

(क) साधारण सभा समाजको सर्वोच्च अङ्ग हुनेछ ।

(ख) समाजका सबै सदस्यहरु साधारण सभाका सदस्य हुनेछन् ।

(ग) सामान्यतया साधारण सभा वर्षको एक पटक बस्नेछ ।

**११. साधारण सभाको सूचना र गणपूरक संख्या :**

(क) केन्द्रीय कार्यसमितिले साधारण सभा हुने स्थान र मिति उल्लेख गरी एक महिना अगावै सबै सदस्यहरुलाई सूचना पठाउने छ । यस्तो सूचना पत्रपत्रिकामा प्रकाशित भएमा पनि सबै सदस्य लाई सूचना गरिएको मानिने छ ।

(ख) तत्काल कायम रहेको कूल संख्याको ६० प्रतिशत उपस्थितिलाई साधारण सभाको गणपूरक संख्या मानिनेछ ।

(ग) गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ५ (पाँच) दिन भित्र पुनः साधारण सभा बोलाइने छ र दोस्रो पटकको बैठकमा ५१ प्रतिशत उपस्थिति भए साधारण सभा बस्नेछ ।

(घ) अविश्वासको प्रस्तावका लागि कम्तीमा ५१ प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(ङ) कुल उपस्थित सदस्य संख्याको बहुमतको निर्णयले साधारण सभाको निर्णय हुनेछ । ती निर्णयहरु सभाको अध्यक्षता गर्ने ब्यक्ति र साधारण सभाले तोकेको १ जना सदस्यबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

**१२. विशेष साधारण सभा :**

(क) साधारण सभाद्वारा कुनै विषयमा निर्णय हुनुपर्ने देखिएमा कार्यसमितिले जुनसुकै समयमा पनि विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(ख) तत्काल कायम रहेको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई लिखित रुपमा विशेष साधारण सभा माग गरेमा कार्यसमितिले १५ (पन्ध्र) दिनभित्र विशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

**१३. अध्यक्षता :**

(क) साधारण सभाको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा बैठकमा उपस्थित पदाधिकारी र सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछन्।

(ख) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

**१४. साधारण सभाको काम, कर्तव्य र अधिकार** :

साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकवाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनवाट देखिएका अनियमित बेरुजु रकमहरु मथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नकोलागि कार्यसमितिलाई निर्देशन दिने ।

(ग) आगामी बर्षका लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

(घ) समाजको बार्षिक कार्य प्रगति विवरण र समाजले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) कार्यसमिति गठन गर्ने ।

(च) विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्यसमितिवाट समाजको हित अनुकुल भएका काम-कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यकताअनुरुप स्वीकृति प्रदान गर्ने ।

(ञ) कार्यसमितिका पदाधिकारी वा सदस्यविरुद्ध अविश्वास प्रस्ताव पारित गर्ने ।

(ट) शाखा (Chapter) बीचमा समन्वय तथा सौहार्दता राख्ने ।

(ठ) यस विधानअनुसार गर्नुपर्ने अन्य कार्य गर्ने ।

**१५. कार्यसमितिको गठन**

(क) साधारण सभाका सदस्यहरुबाट निर्बाचित देहाय बमोजिमको ११ सदस्यीय कार्यसमिति गठन हुनेछ :

| | |
|---|---|
| अध्यक्ष | १ |
| निवर्तमान अध्यक्ष (पदेन) | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह-सचिव | १ |

| | |
|---|---|
| कोषाध्यक्ष | १ |
| सम्पादक | १ |
| सदस्य | ४ |

(ख) लगातार दुई कार्यकालका लागि अध्यक्ष रहेको व्यक्ति तेश्रो कार्यकालका लागि अध्यक्षको उमेद्वार हुन सक्ने छैन ।

(ग) कार्यसमितिको कार्यकाल २ बर्षको हुनेछ ।

(घ) कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिले साधारण सभाका सदस्यहरुमध्येबाट सदस्य मनोनित गर्न सक्नेछ । अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्धारा पद पूर्ति गरिनेछ ।

(ङ) कार्यसमितिको बैठक आवश्यकताअनुसार अध्यक्षको निर्देशनमा सचिवले वोलाउने छ ।

(च) कार्यसमितिका कूल संख्याको ५१% उपस्थित नभै, कार्यसमितिको बैठक बस्ने छैन ।

(छ) कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित पदाधिकारी र सदस्यहरुले छानेको पदाधिकारीले अध्यक्षता गर्नेछ ।

(ज) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

## १६. कार्यसमितिको काम, कर्तब्य र अधिकार :-

कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. समाजको आगामी वर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. समाजको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. समाजको उद्धेश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. समाजको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

७. समाजको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

८. समाजको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदिसम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभावाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९. शाखा (Chapter)हरुमा समन्वय कायम राख्ने ।

१०. समाजले स्थापना गरेका पुरस्कारहरुका संचालनमा समन्वय गर्ने ।

११. युवा वैज्ञानिकहरुलाई प्रोत्साहन गर्ने क्रियाकलाप गर्ने ।

१३. समाजको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१४. नयाँ कार्यसमिति गठनका लागि निर्वाचन समिति गठन गर्ने ।

१५. सम्पादकले सिफारिस गरेका समाजका २ सदस्यहरुलाई सम्पादकमण्डल सदस्यमा अनुमोदन गर्ने ।

१६. यस विधानअनुसार गर्नुपर्ने अन्य कार्य गर्ने ।

**१७. पद त्याग गर्न सक्ने :**

अध्यक्षले उपाध्यक्षमार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा दिई पदत्याग गर्न सक्ने छन् ।

**१८. अन्य समितिहरु :**

१. यस विधानको परिधि भित्र रहेर समाजको कार्य संचालनकालागि कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समिति वा विशेष समिति र शाखाहरु (Chapters) गठन गर्न सक्नेछ । शाखा(Chapter)को हकमा भने साधारणसभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२. शाखा (Chapter)को विधान NPSको विधानको परिधिभित्र रही तर्जुमा गर्नु पर्नेछ ।

३. समिति र उप-समितिहरुको काम, कर्तव्य र अधिकार कार्यसमितिले तोकी दिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :

**१९. पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :** कार्यसमितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम, कर्तब्य र अधिकार :**

(क) कार्यसमिति र साधारण सभाको वैठकको अध्यक्षता गर्ने, वैठक सञ्चालन गर्ने । कुनै विषयमा मत बराबर भए निर्णायक मत दिने ।

(ख) समाजको तर्फवाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने । साधारण सभा र कार्यसमितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) समाजको दैनिक कार्य सम्पादनमा निर्देशन, नियन्त्रण, रेखदेख र नेतृत्व गर्ने ।

(घ) आवश्यकताअनुसार वैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

(ङ) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(च) अभिलेख प्रमाणित गर्ने ।

(छ) अध्यक्षले आफ्ना केही अधिकार उपाध्यक्ष वा अन्य पदाधिकारीहरुलाई निश्चित समयकालागि प्रत्यायोजन गर्न सक्नेछ ।

**२. उपाध्यक्षको काम, कर्तब्य र अधिकार :**

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा साधारण सभा, कार्यसमितिको वैठकको अध्यक्षता गर्ने ।

(ग) अध्यक्षले आफ्नो कार्य गर्न असमर्थ भएमा वा अध्यक्षको पद रिक्त रहेमा निजले गर्नुपर्ने सबै कार्य गर्ने ।

(घ) अध्यक्षले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने र विधान अनुसारका अन्य कार्यहरु गर्ने ।

**३. सचिवको काम, कर्तब्य र अधिकार**

(क) समाजको कार्यालय ब्यवस्थापन र संचालन गर्ने ।

(ख) अध्यक्षको निर्देशनानुसार कार्यसमितिको वैठक र साधारण सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

(ङ) समाजलाई सक्रिय बनाउन अध्यक्षसँग परामर्श गरी आबश्यक सबै काम गर्ने ।

**४. सह-सचिवहरुको काम र कर्तब्य र अधिकार :**

(क) सचिवलाई सहयोग गर्ने ।

(ख) सचिवले आफ्नो कार्य गर्न असमर्थ भएमा वा सचिवको पद रिक्त रहेमा निजले गर्नुपर्ने सबै कार्य गर्ने ।

**५. कोषाध्यक्षको काम, कर्तब्य र अधिकार :**

(क) समाजको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) समाजको आर्थिक स्थिति सुदृढ बनाउन सक्रिय रहने ।

(ग) कार्यसमितिमार्फत् साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।

(घ) लेखा दुरुस्त राख्ने र शुल्कहरु उठाउने ।

(ङ) नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने ।

(च) समाजको कोष तथा लेखासंबन्धी सबै उत्तरदायित्व बहन गर्ने ।

**६. सम्पादकको काम, कर्तब्य र अधिकारः**

(क) सम्पादकको उत्तरदायित्वमा एक सम्पादक मण्डलको गठन गर्ने ।

(ख)	सम्पादकले सम्पादकमण्डलका अन्य २ सदस्यहरु अनुमोदनकालागि कार्यसमितिमा सिफारिस गर्ने ।

(ग)	समाजले प्रकाशन गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ८

## आर्थिक व्यवस्था

**२०. समाजको कोष :**

१. समाजको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् :

(क)	सदस्यतावापत् प्राप्त प्रवेश शुल्क, सदस्यता शुल्क र नवीकरण शुल्कको रकम ।

(ख)	अनुदान वा सहायतता वापत् प्राप्त रकम ।

(ग)	समाजको चल अचल सम्पति वा अन्य वस्तुको विक्रीवाट प्राप्त रकम ।

(घ)	विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग वापत् प्राप्त रकम ।

(ङ)	समाजको प्रकाशन र कियाकलापबाट प्राप्त रकम ।

२. समाजमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्न सकिनेछ ।

**२१. खाता संचालन :**

समाजको बैंक खाता कोषाध्यक्ष (अनिवार्य), सभापति र सचिवमध्ये कुनै एकको गरी दुईको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

**२२. समाजको लेखा र लेखा परीक्षण :**

(क)	समाजको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ ।

(ख)	समाजको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(घ)	लेखा परीक्षकको नियुक्ति साधारण सभावाट हुनेछ ।

(ङ)	समाजको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद -९

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था :**

(क)	कार्यसमितिको निर्वाचन प्रयोजनका लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्यसमितिद्धारा गठन गरिने छ ।

(ख)	साधारण सभाको स्वीकृति लिई कार्यसमितिद्वारा नियम नबनेसम्म निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र कानुनको परिधिभित्र रहेर निर्वाचनकार्यविधि आफै व्यबस्थित गर्नेछ ।

**२४. अविश्वासको प्रस्ताव :**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई समाजमा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्छ ।

(ग) साधारण सभा सदस्यहरुमध्ये बाट कम्तीमा १/४ (एक चौथाइ) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्दछ ।

२. उपदफा १ बमोजिम समाजमा दर्ता भएको अविस्वासको प्रस्तावबारे छलफल र निर्णय विशेष गर्न साधारण सभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :

(क) विशेष साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्ने छ ।

(ख) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि अध्यक्षता आफ्नो भनाइहरु राख्न अनुमति दिइने छ ।

**४. अविश्वासको प्रस्तावमाथि निर्णय :**

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयकोलागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविस्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा

(ख) सभाका सदस्यहरुलाई अविस्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. सभामा उपस्थित कुल सदस्य संख्याको २/३ (दुई तिहाइ) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२५. विधान संशोधन :**

कुल सदस्य संख्याको २/३ (दुई तिहाइ)द्वारा विधान संशोधन गर्न सकिनेछ र स्थानिय अधिकारीवाट स्वीकृत भएपश्चात् लागू गरिने छ ।

**२६. नियम बनाउन सक्ने :**

१. समाजले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम र आचार संहिता बनाउन सक्नेछ र सो नियम साधारण सभावाट पारित गराई लागू हुनेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही समाजको कार्य संचालन र उद्धेश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यबस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ ।

**२७. कर्मचारीको व्यवस्था :**

समाजको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनका लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२८. समाज खारेजी :**

कुनै कारणवस समाज विघटन भएमा समाजको सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**२९. ब्याख्या :**

यो बिधान र विधान अन्तर्गत बनेको नियम बिनियमको ब्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

**३०. गोप्यता भङ्ग गर्न नहुने :**

यस समाजका कुनैपनि पदाधिकारी वा सदस्यले समाजको अहित हुने कार्य गर्नु हुदैन ।

**३१. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछन् र संस्था दर्ता ऐन नियम, र प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

३२. **बचाउ :** यो समाज दर्ता हुनु अगाडि समाजको नामबाट गरेका कार्यहरु र गठित कार्यसमिति यसै विधानअनुसार भए गरे सरह मानिनेछ ।

**३३. तदर्थ व्यवस्थाः**

(क) यस विधान बमोजिम साधारण सभाद्वारा कार्यसमिति गठन नभएसम्मका लागि यो समाजदर्ता गर्ने समयमा गठित कार्यसमितिले तदर्थ रुपमा काम गर्नेछ ।

(ख) **"नेपाल भौतिक विज्ञान समाज"**का निम्न पदाधिकारीहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्नलिखित साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

## अनुसूची -१.१

## संस्थाको छाप र चिन्हको विवरण

समानकोण भएका दुई त्रिभुजहरु एक अर्कामा खप्टिएर बनेको तारा भित्र पृथ्वीमा नेपालको नक्सा देखिने छाप हुनेछ । चुच्चो भित्रको गोलाकार ठाँउमा नेपाल भौतिक समाज २०३९ र NEPAL PHYSICAL SOCIETY 1983 तेसो लाइनमा कुँदिएको हुनेछ ।

तलको अनुसार छाप तयार गरिने छ :

(क) पहिले पृथ्वीलाई दर्शाउने एउटा वृत्त र त्यसभित्र नेपालको नक्सा खिचिन्छ । त्यस बाहिर नेपाल र पृथ्वी (संसार)को सम्बन्ध दर्शाउने जोडको संकेत राखिन्छ ।


(ख) माथिको वृत्त केन्द्रमा पर्ने गरी दुईवटा खप्टिएका त्रिभूजहरु बनाईन्छ । वृत्तबाहिर षट्भुजको रुपरेखा बन्छ ।

(ग) षट्भुजभित्रका ६ वटै कोणहरुवाट वृत्तको सतहमा ९०° हुनेगरि Ellipseहरु खिचेर जोडिन्छ जसले फूलको आँकडा दिन्छ ।

(घ) दुईवटा खप्टिएका त्रिभुजहरु बनाउँदा काटिएका बिन्दुहरुलाई गाढा पारिन्छ ।

(ङ) आधार वृत्त, पृथ्वीको नक्सा र टुप्पाको Ellipseहरुको अनुपात १०:३:१ हुनेछ ।

(च) षट्भुजबाहिर माथिका तीन त्रिभुजहरुमा क्रमशः नेपाल, भौतिक र समाज लेखिन्छ । "भौतिक" तल वृत्त र षट्भुजको भुजाको वीचमा ठाडो पर्ने गरी "विज्ञान" र "२०३९" लेखिन्छ ।(छ) षट्भुजबाहिर तलका तीन त्रिभुजहरु मा क्रमशः NEPAL, PHYSICAL र SOCIETY लेखिन्छ । "PHYSICAL" तल वृत्त र षट्भुजको भुजाको वीचमा "1983" लेखिन्छ ।

| पदाधिकारीहरुको नाम, थर र ठेगाना, | तस्विर |
| --- | --- |
| १. नाम थर : प्रा.डा.प्रदीप कुमार भट्टराई<br>ठेगाना : ढोकाटोल-१४, काठमाडौं<br>पद : अध्यक्ष<br>कार्यरत संस्था: पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौं |  |
| २. नाम थर : प्रा.डा.जीवन ज्योति नकर्मी<br>ठेगाना : लगनटोल-२१, काठमाण्डौं<br>पद : सदस्य<br>कार्यरत संस्था: भौतिकशास्त्र केन्द्रीय विभाग, त्रि.वि., काठमाडौं |  |
| ३. नाम थर : उप प्रा. दिपेन्द्र पराजुली<br>ठेगाना : पुतलीबजार-८, स्याङ्जा<br>पद : उपाध्यक्ष<br>कार्यरत संस्था: त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं |  |
| ४. नाम, थर : उप प्रा. बबलुकान्त ठाकुर<br>ठेगाना : लक्ष्मीपुर बगेवा-८, धनुषा<br>पद : सचिव<br>कार्यरत संस्था: त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं |  |
| ५. नाम थर : श्री इन्द्रबहादुर भण्डारी<br>ठेगाना : भुलारी-९, कंचनपुर<br>पद : सह-सचिव<br>कार्यरत संस्था: एभरेष्ट ईन्जिनियरिङ एण्ड म्यानेजमेण्ट कलेज, बुद्धनगर, काठमाडौं |  |
| ६. नाम थर : श्रीमती राजेश्वरी सिग्देल<br>ठेगाना : गुलेरिया-८, बर्दिया<br>पद : कोषाध्यक्ष<br>कार्यरत संस्था: त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं |  |
| ७. नाम थर : डा. विनयकुमार झा<br>ठेगाना : सिसौटिया-१, सर्लाही<br>पद : सम्पादक<br>कार्यरत संस्था : सेन्ट जेभियर्स कलेज, माईतीघर, काठमाडौं |  |
| ८. नाम थर : उप प्रा.देवेन्द्रराज उपाध्याय<br>ठेगाना : जयपृथ्वी-११, बझाङ्ग<br>पद : सदस्य<br>कार्यरत संस्था : अमृत क्याम्पस, लैनचौर, काठमाडौं |  |
| ९. नाम थर : उप प्रा.गायत्रीप्रसाद अधिकारी<br>ठेगाना : बाहुनी-६, मोरङ्<br>पद : सदस्य<br>कार्यरत संस्था : त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं |  |
| १०. नाम थर : श्री माधव काफ्ले<br>ठेगाना : ख.बनगाई-७, रुपन्देही<br>पद : सदस्य<br>कार्यरत संस्था: नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, ललितपुर |  |
| ११. नाम थर : श्री राजेश श्रेष्ठ<br>ठेगाना : बनस्थली-१६, काठमाडौं<br>पद : सदस्य<br>कार्यरत संस्था: त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं |  |

## अनुसूचि-२

## विज्ञान ओलम्पियाड वृत्ति सम्वन्धि कार्यविधि २०७४

### प्रस्तावनाः-

अन्तराष्ट्रिय स्तरमा आयोजना हुने विज्ञान ओलम्पियाडमा नेपाली युवा विज्ञान विषयका विधार्थीहरुलाई सहभागीता गराई आवश्यक जनशक्ति र पुर्वाधारको विकाश गरी प्राप्त भएको ज्ञान तथा अनुभवलाई मुलुकको समग्र बिकास प्रक्रियामा सरीक गराउन वाञ्छनीय भएकोले सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी विज्ञान ओलम्पियाडमा सरीक हुने युवा बिज्ञान बिषयका विधाथिहरुलाई वृत्ति प्रदान गने सम्बन्धी कार्यबिधि २०७४ बनाई जारी गरीएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम "विज्ञान ओलम्पियाडमा सहभागी हुने युवा बिज्ञान बिषयका बिद्यार्थीहरुलाई वृत्ति प्रदान गर्ने सम्बन्धी कार्यबिधि २०७४" रहेको छ ।

(ख) यो कार्यबिधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधि

(क) "मन्त्रालय" भन्नाले विज्ञान तया प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(ख) "विज्ञान विषय" भन्नाले विश्वविद्यालय अन्तर्गतका भौतिकशास्त्र, रसायनशास्त्र, गणितशास्त्र, जीवशास्त्र लगायत विज्ञानसँग सम्बन्धित अन्य यस्तै विश्वविद्यालयले तोकेका विषय सम्झनुपर्दछ ।

(ग) "समिति" भन्नाले दफा ६ बमोजिमको प्राविधिक समिति सम्झनुपर्दछ ।

(घ) "बृत्ति" भन्नाले अध्ययन, अध्यापन, अन्वेषण, अनुसन्धान लगायतका यस्तै कार्यमा संलग्न व्यक्ति, संघ संस्थालाई सम्झनुपर्दछ ।

### परिच्छेद २

### कार्यविधिको उद्देश्य तथा मुख्य विशेषता सम्बन्धि ब्यवस्था :-

**३. कार्यविधिको उद्देश्य :-** यस कार्यविधिको प्रयोजनकोलागि विज्ञान ओलम्पियाडका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) अन्तर्राष्ट्रिय स्तरमा आयोजना हुने विज्ञानका विभिन्न विधाका प्रतिस्पर्धात्मक प्रतियोगितामा नेपाली युवा विद्यार्थीहरुलाई सहभागिता गराउने ।

(ख) विज्ञान ओलम्पियाडको माध्ययमबाट विज्ञान शिक्षालाई अन्तर्राष्ट्रिय स्तरको बनाउन आवश्यक पर्ने नीति नियमहरु, पुर्वाधार तथा जनशक्तिको विकास गर्ने ।

(ग) विज्ञान ओलम्पियाडमा हुने सहभागिताबाट हासिल ज्ञान तथा अनुभवलाई मुलुकको समग्र विकाश प्रक्रियामा प्रभावकारी उपयोग गर्ने ।

**४. कार्यविधिका मुख्य विशेषताहरु :-** यस कार्यविधिको प्रयोजनकोलागि ओलम्पियाडका मुख्य विशेषताहरु देहाय बमोजिम हुनेछन् :

(क) खुल्ला प्रतिस्पर्धामा गरिएको मुल्याङ्कनका माध्ययबाट छानिएका कार्यक्रमहरुलाई आंशिक वा पुर्ण रुपमा सहयोग रकम उपलब्ध गराईनेछ ।

(ख) उक्त सहयोगकालागि अनुसूचिमा दिईएअनुसारको ढाँचामा उल्लेखित प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ग) उपलब्ध बजेट तथा औचित्यको आधारमा विज्ञानका विभिन्न विधाहरुमा सहभागिताको लागि प्रोत्साहन गरिनेछ ।

(घ) सहयोग प्राप्त गर्ने व्यक्ति, संघ र संस्थाले कार्यक्रम सम्पन्न भएको ३५ दिन भित्र अन्तिम प्रतिवेदन पेश गरि सक्नु पर्नेछ । यस प्रकारको कार्यक्रम मुलुक भित्र समेत आयोजना हुन सक्नेछ ।

(ङ) निम्न लिखित योग्यता पुगेका व्यक्ति संघ र संस्थाले प्रमुख निवेदनकर्ता भई प्रस्ताव पेश गर्न सक्नेछन् ।

ङ (१) नेपाल सरकारमा दर्ता भई विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास वा प्रवर्धनको क्षेत्रमा कार्यरत पेशागत संघ संस्था वा गैर सरकारी संस्थाहरु,

ङ. (२) विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धान, शिक्षणमा संलग्न संस्थाहरु,

ङ. (३) विज्ञान तथा प्रविधिको क्षेत्रमा प्राध्यापन वा अनुसन्धानमा संलग्न विश्वविद्यालयका शिक्षकहरु,

ङ. (४) व्यक्तिको हकमा सम्वन्धित बिषयमा विधावारिधि वा स्नातकोत्तर तह उत्तीर्ण गरी १० वर्षको अनुभव भएको हुनु पर्नेछ ।

## परिच्छेद ३

## सुचना प्रकाशन तथा प्रस्ताव छनौट सम्वधित व्यवस्था

**५. सुचना प्रकाशन गर्नुपन :-**

(१) मन्त्रालयको विज्ञान ओलम्पियाडमा सहभागि हुने युवा विज्ञान विषयका विधार्थीलाई वृत्ति प्रदान गर्न प्रत्येक वर्ष सार्वजनिक रुपमा राष्ट्रियस्तरको दैनिक प्रत्रिकामा कम्तिमा ३० दिनको सुचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछ ।

(२ उपदफा (१)वमोजिम प्रकाशित गरेको सुचना Websiteमा समेत राख्नु पर्नेछ ।

(३) उपदफा (१)वमोजिम दरखास्त नमुना अनुसूचिमा तोकिए बमोजिम हुनेछ ।

**<u>६. प्राविधिक समिति :-</u>** यस कार्यविधि वमाजिम परेको दरखास्त छनौट गर्नको लागि देहायका सदस्य रहेको एक प्राविधिक समिति रहनेछ र सो समितिले आवश्यकता अनुसार थप विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) प्रविधि प्रवर्द्धन महाशाखा प्रमुख | संयोजक |
| (ख) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान प्रतिनिधि | सदस्य |
| (ग) त्रिभुवन विश्वविद्यालय प्रतिनिधि | सदस्य |
| (घ) विज्ञान र प्रविधिको विभिन्न पक्षका विज्ञहरु २ जना | सदस्य |
| (ङ) प्रमुख, योजना शाखा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| (च) प्रमुख वैज्ञानिक अनुसन्धान शाखा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |

**<u>७. प्राविधिक समितिको काम कर्तव्य र अधिकार :-</u>**

(क) कार्यविधिका उद्देश्यहरुका वारेमा जनचेतना, प्रचारप्रसार र विकास गर्ने ।

(ख) कार्यविधि कार्यान्वयन प्रक्रियाका बारेका सचेतना र तालिम कार्यक्रम आयोजना गर्ने ।

(ग) कार्यक्रमका लागि पेश गर्नु पर्ने प्रस्तावको ढाँचा तथा मुल्यांकन विधि तयार पार्ने ।

(घ) परियोजना प्रस्ताव आव्हान गर्ने ।

(ङ) आवेदकहरुबाट प्रदान गरिएको वित्तिय व्यवस्थापन गर्ने ।

(च कार्यक्रमलाई प्रदान गरिएको वित्तिय व्यवस्थापन गर्ने ।

(छ) कार्यक्रमहरुको अनुगमन मुल्यांकन गर्ने गराउने ।

(ज) प्राविधिक समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

**<u>८. समितिको वैठक :-</u>**

(क) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(ख) समितिको वैठक संयोनकले तोकेको मिति समय र स्थानमा वस्नेछ ।

(ग) समितिको वैठकमा समितिका वहुमत सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको वैठकको निर्णय वैठकमा उपस्थित सदस्यको वहुमतद्धारा गरिनेछ ।

(ङ) समितिको वैठकक संबन्धि अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**९. प्रस्ताव छनौटका आधारहरु :-** यस कार्यविधि वमोजिम पर्न आएका प्रस्ताव छनौट गर्ने आधार देहायवमोजिम हुनेछन् ।

(क) प्रस्ताव प्राप्त भएपछि त्यसको पुर्णता र कार्यविधिका शर्तहरु बमोजिम भए नभएका कुराको प्रारम्भिक जाँच प्राविधिक समितिले गर्नेछ ।

(ख) कार्यविधिमा उल्लेख भएका शर्तहरुको पालना कडाईका साथ गरीनेछ र प्रस्तावकले दिइएका निर्देशनहरु पालना नगरेमा प्राविधिक समितिले कारण खुलाई सो प्रस्ताव फिर्ता दिईनेछ ।

(ग) प्रस्ताव पुर्ण र कार्यविधिका सर्तहरु बमोजिम भएमा प्राविधिक समितिले आन्तरिक मुल्याङ्कन गरी निर्णय लिइनेछ ।

**१०. आवश्यक बजेट व्यवस्था गर्ने :-** विज्ञान ओलम्पियाडमा सहभागिताकोलागि वृत्ति प्रदान गर्न मन्त्रालयले वार्षिक बजेटमा वजेटको व्यबस्था गर्नेछ । उक्त कार्यक्रममा सिफारिसमा परेका व्यक्ति, संघ र संस्थालाई हवाई टिकटको रकम उपलव्ध गराईनेछ ।

**११. नाम सिफारिस गर्ने :-** प्राविधिक समितिले प्राप्त प्रस्तावको मुल्याङ्कन गरी व्यक्ति, संघ र संस्थाको नाम सिफारिस गर्नेछ ।

**१२. निर्णय गर्ने अधिकार:-** प्राविधिक समितिको सिफारिसको आधारमा संव्भाव्य व्यक्ति संघ तथा संस्थालाइ वृत्ति प्रदान गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

**१३. झुट्टा विवरण पेश गरै वापत हुने सजाय:-** यस कार्यविधिमा उल्लेख भएका शर्त पुरा नगरी कुनै व्यक्ति, संघ र संस्थाले वृत्ति प्राप्त गरको ठहरिएमा उक्त वृत्तिको रकम मन्त्रालयले असुल गरी त्यत्तिकै रकम जरीवाना असुल गर्नेछ ।

## परिच्छेद ४

## विविध

**१४. सहयोग गर्नुपर्ने:-** यस वमोजमको कार्यक्रम संचालन कार्यमा सहयोग गर्नु सम्वधित सवैको कर्तव्य हुनेछ ।

**१५. कार्यविधि परिमार्जन गर्न सकिने:-** मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको परिमार्जन गर्न सक्नेछ ।


**१६. व्याख्या गर्ने अधिकार:-** यस कार्यविधिमा उल्लेख भएका विषयको व्याख्या गर्ने अधिकार विज्ञान तथा प्रविधि मन्त्रालयलाई हुनेछ ।

**समाप्त**

**************************************************************************

## अनुसूचि-३

## संस्था दर्ता प्रमाण पत्र-जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
काठमाडौं

निर्णय मिति : २०६८।११।१६
दर्ता मिति : २०६८।११।१६
दर्ता नं.: २८९

**प्रमाण-पत्र**

श्री अध्यक्षज्यू,
नेपाल भौतिक विज्ञान समाज
काठमाडौं-२८, घण्टाघर

नेपाल भौतिक विज्ञान समाज नामक संस्था, संस्था दर्ता ऐन २०३४ को दफा (४) बमोजिम मिति २०६८।११।१६ मा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

स्थानीय अधिकारीको सही :-
पूरा नाम :- ताराप्रसाद डाँगी
दर्जा:-

द्रष्टव्य :- यो प्रमाणपत्र हरेक आर्थिक वर्ष भित्र नवीकरण गर्नुपर्नेछ।

************************************************************

## अनुसूचि-४

## संस्था आबद्धता प्रमाण पत्र-समाज कल्याण परिषद्, काठमाण्डौ


समाज कल्याण परिषद्
लैनचौर, काठमाडौं, नेपाल
२०४९

आबद्धता नं.: ...५७४५७...

आबद्धताको प्रमाण-पत्र

नेपाल भौतिक विज्ञान समाज, काठमाण्डौं .................................... लाई
समाज कल्याण ऐन, २०४९ को दफा १३ बमोजिम ....२०७४.. साल ...फागुन... महिना ...२९..... गते
आबद्धताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

Social Welfare Council
Lainchaur, Kathmandu, Nepal
1992

Affiliation No: ...47447...

CERTIFICATE OF AFFILIATION

This certificate of Affiliation has been issued to
Nepal Physical Society, Kathmandu.............................
on ......2018/03/13......... pursuant to section 13 of the Social Welfare Act. 1992.

Shiva Kumar Basnet
Acting Director

*****************************************************************

## अनुसूचि-५

## स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

### स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

दर्ता मिति
आयकर: २९ | ११ | २०७४
दिन | महिना | साल

**स्थायी लेखा नम्बर** : ६ ० ७ ६ ० ८ ० ६ ९

**करदाता सेवा कार्यालय** : पुतलीसडक

**कारोबारको नाम** : नेपाल भौतिक विज्ञान समाज

आयकर मात्र

**करदाताको प्रकार** : गैर सरकारी संस्था

**ठेगाना** : वार्ड नं. २८, घण्टाघर मार्ग
महानगरपालिका: काठमाडौं,
काठमाडौं

**व्यवसायका कारोबारहरु** : सामाजिक तथा प्रतिनिधित्व गर्ने संस्थाहरु,

करदाताको दस्तखत

कर अधिकृतको दस्तखत

कर अधिकृत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:

- कारोवार गर्दा अनिवार्य रुपमा बिल बिजक जारी गर्नुपर्छ ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ ।
- अन्तःशुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ ।
- समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला ।

****************************************************************

**अनुसूचि-५**

**गैर नाफामुलक संस्था दर्ता प्रमाण पत्र-काठमाण्डौ महानगरपालिका**

काठमाडौं महानगरपालिका कार्यालय

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, ३ नं. प्रदेश, नेपाल

......२८......वडा कार्यालय

संस्थाको छाप वा फोटो

## गैर नाफामुलक संस्था दर्ता प्रमाणपत्र

दर्ता मिति....२०७४-११-१०गते

प्रमाण पत्र नं. ०००००००२५६

(१) संस्थाको नाम : नेपाल भौतिक विज्ञान समाज

ठेगाना : घण्टाघर, काठमाडौं।

स्वदेशी/विदेशी : स्वदेशी

विषयगत क्षेत्र : पेशागत वैज्ञानिक समाज

संस्थाको कारोवार शुरु भएको मिति : ..........

ई-मेल : npssociety@gmail.com सम्पर्क फोन नं. : ९८५११३५४३६

(२) संचालक/अध्यक्ष/मुख्य व्यक्तिको नाम, थर: प्रा.डा. प्रदीप कुमार भट्टराई

ठेगाना : काठमाण्डौ महानगरपालिका -१४, बोकायेल, काठमाण्डौ।

ई-मेल : bhattaraipradeep@hotmail.com सम्पर्क फोन नं. : ९४५१३५०२८४

(३) बहालमा बसेको भए घरधनीको नाम, थर: त्रिचन्द्र बहुमुखी क्याम्पस

ठेगाना: काठमाडौं महानगरपालिका-२८, घण्टाघर, काठमाडौं।

ई-मेल : deepenparaj@gmail.com सम्पर्क फोन नं. : ९८५११३५४३६

पेश गर्ने

प्रमाणित गर्ने

*अन्य निकायबाट स्वीकृत वा इजाजत लिनु पर्ने भए लिनु पर्ने छ। साथै यो प्रमाण पत्र सालबसाली नविकरण गर्नु पर्नेछ।*